**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः १** **मितिः २०७६/१०/१७**

## भाग-२

**धनगढी उप महानगरपालिका**

# साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

## प्रस्तावना

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्णभुमिका रहेको स्पष्ट छ । नेपालबाट प्रत्येक वर्ष लाखौको संख्यामा उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् र धनगढी उप–महानगरपालिका क्षेत्रबाट पनि युवाहरु बिदेशिने क्रम जारी छ । यसै सन्दर्भमा युवाहरुलाई स्वदेशमै रोजगारी उपलब्ध गराउन कृषि क्षेत्रमा आकर्षित गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रको ब्यवसायिकरण बाट आय आर्जन बढाउने उद्धेश्यले संचालित साना सिचाई कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न **"साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" तयार गर्न बान्छनिय देखिएकोले नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको ३८ औं बैठकले स्वीकृती गरी **"साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" लागु गरिएको छ ।

धनगढी उपमहानगरपालिका राजपत्र

परिच्छेद–१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "**साना सिचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधि धनगढी उपमहानगरपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) "साना सिचाई" भन्नाले कम्तीमा १ बिगाहा क्षेत्रफलमा सिचाई सुबिधा दिने गरी संचालन गरिएको सिचाई (थोपा सिचाई, भुमीगत सिचाई, सोलार सिचाई, लिफ्ट सिचाई, कुलो निर्माण तथा मर्मत) कार्यलाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले अनुदानमा साना सिचाई कार्यक्रम संचालन गर्न इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा उद्यमीलाई सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले धनगढी उपमहानगरपालिकाले यस कार्यबिधि अनुसार संचालन गर्ने साना सिचाई आयोजना सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले धनगढी उपमहानगर पालिकाको आर्थिक बिकास समिति सम्झनु पर्छ ।

(छ) "वडा" भन्नाले धनगढी उप-महानगरपालिकाका सम्पूर्ण वडाहरु सम्झनु पर्छ ।

(ज) "शाखा" भन्नाले कृषि बिकास शाखालाई सम्झनु पर्छ ।

(झ) "सहकारी संस्था" भन्नाले कृषि वा बहुउद्येस्यीय सहकारी संस्थालाई सम्झनु पर्छ ।

**३.कार्यक्रम संचालनको उद्देश्य : यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमका हुनेछन्-**

(क) विभिन्न कृषि बाली तथा वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धिको लागि सिचाई सुबिधा बिस्तार गर्न सहयोग पुर्‍याउने,

(ख) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने,

(ग) कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्‍याउन ।

**परिच्छेद - २**

**निबेदन संकलन**

४ कार्यक्रम संचालनको लागि निबेदन संकलनका लागि निम्न प्रकृयाहरु अवलम्बन गरिने छ

(क)सूचना प्रवाह - धनगढी उप-महानगरपालिकाले साना सिंचाई विशेष कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे सम्बन्धित सबै वडा कार्यालय मार्फत अधिकतम ३० दिने सूचना प्रवाह गराउनु पर्नेछ ।

(ख) निवेदन संकलन- उपर्युक्त कार्यक्रम अन्तर्गत संलाचन हुने कुनै पनि सिँचाई आयोजनाको कार्यान्वयनको लागि कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाईहरुबाट दर्ताको प्रमाण -पत्र, जग्गाधनि प्रमाण पुर्जाको फोटोकपी (ऐलानकिो हकमा वडा कार्यालयको सिफारिस) र वडाको सिफारिस सहित अनुसुचि १ अनुसारको निबेदन अनुसारका कागजात संलग्न राखी तोकिएको समय भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ। ( ग) आयोजनाको अनुमानित लागत – अनुसुचि २ अनुसारको फाराम भरी निबेदन साथ पेश गर्नु पर्ने छ र उपभोक्ताले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनु पर्नेछ ।

## परिच्छेद - ३
## कार्यक्रम छनोट

५. कार्यक्रम छनोट प्रक्रिया–दफा ४(ख) अनुसार दर्ता भएका निबेदनहरुबाट आयोजना छनौट गर्न देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

(क) कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि आयोजना छनौट गर्ने सम्बन्धमा सम्बन्धित निकायबाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै कृषि विकासको लागि सकृय रुपले कृयाशील रहेको हुनु पर्नेछ ।

(ख) कृषक समुह/सहकारी संस्थाले कार्यक्रम संचालन गर्न कूल लागतको न्यूनतम २५ प्रतिशत रकम व्यहोर्नु पर्नेछ भने कृषक/कृषि उद्यमी/कृषि फर्मले कूल लागतको न्यूनतम ५० प्रतिशत रकम व्यहोर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ ।

(ग) कार्यक्रम छनोट गर्दा दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गका महिला कृषक समूहहरुको सहभागिता हुने गरी छनौट हुनुपर्ने ।

(घ) कृषक/ कृषि उद्यमीका लागि न्युनतम १ बिगाहा, कृषक समुह/कृषि सहकारी संस्थाको हकमा न्यूनतम ३ बिगाहा क्षेत्रफलमा सिचाई सुबिधा उपलब्ध हुने निश्चित गर्नु पर्ने छ ।

(ङ) कृषि व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम संचालन भएका स्थलहरुमा सिंचाई सुविधा पुर्याउने दृष्टिकोण राख्नुपर्ने ।

(च) दफा ४(ख) अनुसार दर्ता भएका निबेदनहरुको कृषि बिकास शाखाबाट स्थलगत अनुगमन गरी उपयुक्त देखिएका आयोजनाहरुको बिबरण समितिमा पेश गर्नु पर्ने छ ।

(छ) दफा (च) अनुसार पेश भएका आयोजनाहरु आर्थिक बिकास समितिमा पेश भए पछी आयोजनाहरुको छनोट र बजेट बाडफाडको निर्णय समितिले गर्ने छ ।

(ज) साना सिचाई कार्यक्रम संचालनका लागि समितिले कार्यक्रम संयोजक तोक्न सक्ने छ ।

६. कार्यक्रम संचालनका लागि तपसिल अनुसारका प्रकृयाहरु अवलम्बन गरिने छ ।

(क) दफा ५(छ) अनुसार छनोट भएका साना सिचाई आयोजनाहरुको नगरपालिकाका ईन्जिनियर/सव इन्जिनियर/असिस्टेन्ट सव इन्जिनियरबाट स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेटः तयार गरी स्वीकृतीका लागी प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्ने छ । लागत इष्टिमेटः तयार गर्दा ईष्टिमेट अंकको ५ प्रतिसत कन्टेन्जेन्सी स्वरुप राख्न सकिने छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

(ख) दफा (क) अनुसार लागत अनुमान तयार गर्दा नगरपालिकाबाट प्रदान गरिने अनुदान र उपभोक्ताले ब्यहोर्नु पर्ने रकम स्पष्ट खुलाई राख्नु पर्ने छ ।

(ग) दफा (क) अनुसारको स्वीकृत अनुमानित लागत प्राप्त भैसके पछी कृषि बिकास शाखाबाट उपभोक्ता संग अनुसुची ४ अनुसारको संझौता गर्नु पर्ने छ ।

## परिच्छेद - ४
## कार्यक्रम संचालन

७. कार्य सञ्चालन : उप महानरकार्यपालिका कार्यालयले अग्रसरतालिई सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्ने छ । निर्माण कार्य सम्बन्धी प्रक्रियागत एवं व्यवस्थापकिय जिम्मेवारी उप महा नगरकार्यपालिका कार्यालय कृषि बिकास शाखाको रहने छ ।

८. कार्य सम्पन्न प्रतिवेदन : डिजाइन इष्टिमेट, र सम्झौता अनुसार आयोजना (स्कीम)को कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपशिल बमोजिमको कार्य समपन्न प्रतिवेदन दिनुपर्ने छ ।

(क) निमार्ण कार्य सुपरिभिजन गर्ने वा फाइनल विल तयार गरि भुक्तानीको लागि पेश गर्ने वा सुपरी भिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकले आईटमवाईज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई उपलब्ध गराउनु पर्ने छ ।

(ख) यसरी प्राप्त कार्य सम्पन्न प्रतिवेदन बारे कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीलाई सम्बन्धित वडा कार्यालय र तोकिएको प्राबिधिकबाट निरीक्षण गरी सन्तोषजनक रुपमा सम्पन्न भएको निर्माण कार्यको अन्तिम भुक्तानीको लागि कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैठकबाट निर्णय गराई वडा कार्यालयको सिफारिस सहित नगरपालिका कार्यालय कृषि विकास शाखामा पेश गर्नु पर्ने छ ।

(ग) बैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कृषि विकास शाखामा प्राप्त भए पछि कार्यक्रम संयोजकको सिफारिस सहित भुक्तानीको लागि नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ ।

(घ) भुक्तानी दिदा सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको बैक खाता मार्फत भुक्तानी गरीने छ ।

## परिच्छेद - ५
## बिबिध

**९.मर्मत/सम्भार** -आयोजना सम्पन्न भै सके पछि सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी वा संस्था, निजी कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको हुनेछ ।

**१०.अनुगमन तथा मूल्यांकन व्यवस्था** : आवश्यकता अनुसार धनगढी उप-महानगरपालिका, आर्थिक बिकास समिति, कृषि विकास शाखा, कार्यक्रम संयोजक र वडा कार्यालयबाट नियमित अनुगमन गरिने छ। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**११. कार्वाहीको व्यवस्था** : आयोजना स्वीकृत भएका कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही गरी सरकारी रकम असुल उपर गरिने छ र यस्ता कृषक/कृषक समुह/सहकारी संस्था, निजी कृषि फर्म वा कम्पनीहरुलाई उप–महानगरपालिकाबाट संचालन हुने कुनै पनि कार्यक्रममा ३ बर्ष सम्म समाबेस गरिने छैन ।

**१२. प्रचलित कानुन लागू हुने** : साना सिचाई कार्यक्रम कार्यान्वियनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ

**१३ कार्यविधि संशोधन तथा परिमार्जन** : धनगढी उप–महानगरपालिकाले यस कार्यविधिमा समयानुकुल आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसुची -१

साना सिचाई कार्यक्रमको प्रस्ताव आह्वानको सुचना

सुचना । सुचना ॥ सुचना ॥।

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०.........../......... को स्वीकृत कार्यक्रम अनुसार साना सिचाई कार्यक्रममा अनुदान सहयोग प्राप्त गरी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीलाइ दरखास्त आव्हान गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचा अनुसारको निबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राखी यस कार्यालयमा दर्ता गराउन अनुरोध गरिन्छ ।

**तपशिल**

१. अनुसुची २ अनुसारको आवेदन फाराम ।

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।

४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाणपत्रको फोटोकपी

५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी

६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिस)

७. निबेदन पेश गर्ने, रकम ब्यहोर्ने र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपी ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसुची -२

साना सिचाई कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने निबेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
धनगढी उप-महानगरपालिकाको कार्यालय

बिषय : साना सिचाई कार्यक्रममा अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

म/हामीलाई साना सिचाई कार्यक्रम अन्तरगत अनुदान सहयोग प्राप्त गरि.................................... कार्य गर्न ईच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु/छौ । अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया भित्र रही कार्य गर्नेछु/छौ । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
२. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
३. कृषक समुह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाणपत्रको फोटोकपी
५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी
६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिस)
७. निबेदन पेश गर्ने, रकम ब्यहोर्ने र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपी ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
९. आयोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

निबेदक

नामः

संस्थाको नाम :

ठेगाना :

दस्तखत :

फोन नं. :

संस्थाको छाप

धनगढी उपमहानगरपालिका राजपत्र

अनुसूचि - ३

साना सिचाई कार्यक्रमको संक्षिप्त कार्य योजना

निबेदकको नाम थर :

कृषक समुह/सहकारी/कृषि फर्मको नाम :

ठेगाना : धनगढी उपमहानगरपालिका वडा नं........... गाउ/टोल................................

संञ्चालन गर्न खोजेको व्यवसाय र स्थान :

अनुदान माग गरेको रकम : आफ्नो लगानी :

आयोजनाबाट सिंचित हुने क्षेत्रफल (हे.) :

लाभान्वीत परिवार संख्या : लाभान्वीत हुने जनसंख्या :

संञ्चालन गरिने कार्य विवरण :

| क.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | अनुदान माग | निजी लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

धनगढी उप-महानगरपालिका राजपत्र

## अनुसूचि - ४
## साना सिचाई कार्यक्रम संञ्चालनको लागि गरिने सम्झौता-पत्र

धनगढी उप-महानगरपालिकाबाट आ.व.२० / को स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने साना सिचाई कार्यक्रम गर्न धनगढी उप-महानगरपालिका, (यस पछी पहिलो पक्ष भनिने) र धनगढी उपमहानगरपालिका वडा नं को श्री (यस पछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौ/दियौ ।

**तपसिल**

१.पहिलो पक्षले दोश्रो पक्षलाई आयोजना संञ्चालनको लागि दिने अनुदान रकम आयोजना सम्पन्न भए पछी संलग्न लागत अनुमान अनुसारको रु. चेकबाट अनुदान रकम उपलब्ध गराउने छ भने बाँकी रकम रु दोश्रो पक्षले ब्यहोर्नु पर्ने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव गरे अनुसार साना सिचाई कार्यक्रम संचालन गर्नु पर्ने छ ।

३.पहिलो पक्षले तोकेको प्राबिधिकले नियमित रुपमा कार्यक्रम संचालन गरे नगरेको अनुगमन गर्नेछ, दोश्रो पक्षले स्वीकृत लागत इष्टिमेट र सम्झौता अनुसारका कार्यहरु नगरेको पाईएमा सम्झौता खारेज गर्न सकिने छ ।

४. यस सम्झौतामा उल्लेखित कार्यहरु गर्दा परि आउने कुनै पनि प्राकृतिक प्रकोपको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । यस बाफत पहिलो पक्षले कुनै दायित्व बहन गर्ने छैन ।

५.यो सम्झौता कार्यान्वयनमा कुनै बिबाद पर्न आएमा नगरपालिकाको निर्णय अन्तिम हुने छ ।

६.दोश्रो पक्षले यस कार्यक्रम अनुसार सम्पन्न गरीएको साना सिचाईलाई आवश्यकता अनुसार मर्मत कार्यलाई निरन्तरता दिनु पर्ने छ । सो को लागि पहिलो पक्षले कुनै अनुदान उपलब्ध गराउने छैन ।

७. यस संझौला अनुसारको कार्य भित्र सम्पन्न गरी सक्नु पर्ने छ ।

८. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट सहि गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नाम : | नामः |
| पद : | पद : |
| दस्तखतः | दस्तखत |
| मितिः | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. |
| छाप : | छाप : |

................................

आज्ञाले,
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र